पञ्चकन्या गाउँपालिका

स्थानीय राजपत्र

पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

खण्डः१०) पञ्चकन्या, साउन महिना ०१ गते, २०८३ साल (संख्याः २

भाग–१

पञ्चकन्या गाउँपालिकाको विनियोजन ऐन, २०८३

पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/१०

प्रस्तावनाः

पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ उपधारा २ बमोजिम पञ्चकन्या गाउँपालिकाको गाउँसभाले यो ऐन पारित गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "पञ्चकन्या गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहने छ।

(२) यो ऐन २०८३ साल श्रावण १ देखि लागु हुनेछ ।

२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको जम्मा रकम रु. ४८,१७,६७,००० । (अक्षरुपी अठचालीस करोड सत्र लाख सतसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त पञ्चकन्या गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ सभाको बैठक नबसेको अवस्थामा गाउँकार्यपालिकालाई कुनै एक रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यक्रम बनाई गाउँकार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्ने छ । यस्तो खर्च लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गराउनु पर्ने छ । एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

क्र.स.	शीर्षकको नाम / अनुदान	चालु खर्च	पूँजिगत खर्च	जम्मा
१	गाउँपालिका	१२,८२,४४	८,११,२०	२०,९३,६४
२	वडागत	६१,७४	१,३२,२६	१,९४,००
३	संघीय अनुदान	१८,४२,००	३,०५,००	२१,४७,००
४	प्रादेशिक अनुदान	५३,०३	३,३०,००	३,८३,०३
	जम्मा	**३२,३९,२१**	**१५,७८,४६**	**४८,१७,६७**

आज्ञाले

हिराधन राई

प्रमुख प्रशासकीय अधिकृत